# साझेदारीमा दुग्धपदार्थ यान्त्रिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७

साझेदारीमा दुग्धपदार्थ यान्त्रिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि(प्रथम संशोधन), २०७७ मिति २०७८/६/१३

<u>प्रस्तावना:</u> देशमा बढिरहेको जनसंख्या र बढ्दै गरेको शहरीकरणका कारण दुध तथा दुग्ध जन्य पदार्थको मागमा समेत वृद्धि हुँदै गएको छ ।पशुपालन क्षेत्रलाई व्यवसायीकरण गर्दै दुग्ध जन्य पदार्थको बजारीकरणमा विशेष ध्यान पुऱ्याउनु आजको आवश्यकता हो । यस पेशालाई व्यवसायीक तथा प्रतिस्पर्धी बनाउँदै युवा शक्तिलाई समेत यो पेशामा आकर्षण गर्न आवश्यक भएकाले दुग्ध पदार्थ यान्त्रिकरण कार्यक्रमलाई व्यवस्थित, सरल, सहज, प्रभावकारी र पारदर्शी रुपमा सञ्चालन गर्न प्रदेश एकिकृत अनुदान व्यवस्थापन कार्यविधि, २०७६, को दफा (४) को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरि मन्त्रालयले **"साझेदारीमा दुग्ध पदार्थ यान्त्रिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७"** बनाई लागू गरेको छ।

## परिच्छेद -१

## <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u> (१) यस कार्यविधिको नाम **"साझेदारीमा दुग्ध पदार्थ यान्त्रिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७"** रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा:</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा,-

(क) **"आवेदक"** भन्नाले दुग्ध उत्पादक सहकारी संस्था/ निजी डेरी उद्यमी सम्झनु पर्छ ।

(ख) **"कार्यालय"** भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्छ ।

(ग) **"दुग्ध जन्य पदार्थ"** भन्नाले प्रशोधित दुध र सोबाट बनेका परिकारहरु सम्झनु पर्छ ।

(घ) **"दुग्ध पदार्थ यान्त्रिकरण"** भन्नाले दुग्ध उत्पादन, प्रशोधन, बजारीकरण, विविधिकरणमा प्रयोग हुने मेशिनरी सामान सम्झनु पर्छ ।

(ङ) **"बोर्ड"** भन्नाले प्रदेश दुग्ध विकास बोर्ड सम्झनु पर्छ।

(च) **"मन्त्रालय"** भन्नाले भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ।

(छ) ⊕**"साझेदार संस्था"** भन्नाले लागत सहभागितामा कार्यक्रम सञ्चालन गर्न ईच्छुक दुग्ध उत्पादक सहकारी संस्था/ निजी डेरी उद्यमी/ साना घरेलु डेरी उद्योग समेत सम्झनु पर्छ ।

(ज) **"संघ"** भन्नाले केन्द्रीय दुग्ध उत्पादक सहकारी संघ सम्झनु पर्छ ।

३. <u>उद्धेश्य:</u> यस कार्यविधिको उद्धेश्य देहाय बमोजिम हुनेछः-

(क) दुग्ध जन्य उत्पादनमा लागत घटाउने,

(ख) युवाशक्तिलाई दुग्धजन्य उत्पादनमा आकर्षण गर्ने,

(ग) दुग्धजन्य उत्पादन तथा उत्पादकत्व वृद्धि गरी बजारीकरणमा टेवा पुऱ्याउने,

(घ) दुधको गुणस्तरमा वृद्धि गर्ने ।

---

⊕ प्रथम संशोधनद्वारा संशोधित

## परिच्छेद -२

## संस्थागत व्यवस्था

४. **मूल्याङ्कन समितिः** (१) साझेदारको प्रस्ताव प्रारम्भिक मूल्याङ्कन गर्न देहाय बमोजिमको समिति गठन हुनेछः-

| | |
|---|---|
| निर्देशक वा निर्देशकले तोकेको अधिकृत, प्रदेश दुग्ध विकास बोर्ड | संयोजक |
| अधिकृत प्रतिनिधि, पशुपन्छी विकास महाशाखा, भू.व्य.कृ.स. मन्त्रालय | सदस्य |
| कानुन अधिकृत (सम्भव भएसम्म) | सदस्य |
| प्रमुख, प्रशासन शाखा, प्रदेश दुग्ध विकास बोर्ड | सदस्य |
| प्रमुख, खरिद इकाई, प्रदेश दुग्ध विकास बोर्ड | सदस्य सचिव |

**नोटः** आवश्यकता अनुसार बैठकमा दुई जना विषय विज्ञ आमन्त्रित गर्न सक्नेछ।
आवश्यकता परेमा मूल्याङ्कनका आधारहरु तयार पारी प्रस्ताव मूल्याङ्कन गर्न सक्नेछ ।

५. **अनुगमन तथा मूल्याङ्कनः** यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन मन्त्रालय र प्रदेश दुग्ध विकास बोर्डले गर्नेछ ।

६. **विशेष प्राथमिकताः** महिला कृषक, जनजाती तथा दलित समुदाय रहेको सहकारीलाई प्राथमिकता दिईनेछ ।

## परिच्छेद -४

## कार्यक्रम सञ्चालन प्रक्रिया

७. **कार्यक्रम सञ्चालनः** (१) यस कार्यक्रम बागमती प्रदेशका सबै जिल्लामा लागू हुनेछ।

| क.स. | कार्यक्रम विवरण | कार्यक्रम संचालन हुने जिल्ला | इकाई | अनुदान | कैफियत |
|---|---|---|---|---|---|
| १ | साझेदारीमा दुग्ध पदार्थ यान्त्रिकरण तथा साना कृषक एक गाई एक रबर म्याट/एक भैंसी एक रबर म्याट खरिद तथा वितरण | बागमती प्रदेशका सबै जिल्ला | | १५ प्रतिशत केन्द्रिय दुग्ध उत्पादक सहकारी संघको लागत साझेदारी | एक गाई एक रबर म्याट/ एक भैंसी एक रबर म्याटको हकमा बढिमा दुई वटा गाई/भैंसी पालन गरेको कृषकलाई मात्र प्रदान गरिनेछ । |
| २ | Vender machine | बागमती प्रदेशका सबै जिल्ला | ५ | ५०प्रतिशत साझेदारी (दुग्ध उत्पादक सहकारी संस्था तथा निजी डेरी) | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | दुग्ध ढुवानी ट्याङ्कि (५००० लिटर) | बागमती प्रदेशका सबै जिल्ला | ५ | ५० प्रतिशत साझेदारी (दुग्ध उत्पादक सहकारी संस्था तथा निजी डेरी) | |

(२) कार्यक्रम बजेटको दुई प्रतिशत कन्टिजेन्सी बापत कट्टा गरिनेछ र सो रकम बैठक, अनुगमन, निरिक्षण, इन्धन, आदि कार्यमा खर्च गर्नेछ ।

८. <u>प्रस्ताव आह्वानः</u> बोर्डले यस कार्यक्रममा सहभागी हुन ईच्छुक आवेदकलाई लक्षित गरी प्रस्ताव पेश गर्न राष्ट्रिय दैनिक पत्रिकामा ३० दिनको म्याद राखी अनुसूचि -१ बमोजिम सूचना प्रकाशन गर्नेछ । माग अनुसारको प्रस्ताव नपरेमा प्रदेश दुग्ध विकास बोर्डले पुनः प्रस्ताव आव्हान गर्ने सक्नेछ ।

९. <u>प्रस्ताव दर्ताः</u> साझेदारी गर्न आवेदकहरुले अनुसूचि -३ बमोजिमको आवेदन पत्र, अनुसूचि-४ बमोजिमको प्रस्तावित कार्ययोजना, अनुसूचि -५ बमोजिम सिफारिस पत्र, अनुसूचि -६ बमोजिमको प्रतिबद्धता पत्र र सूचनामा माग गरिएका कागजातहरु बोर्ड वा बोर्डले तोकेको कार्यालयमा दर्ता गर्नु पर्नेछ ।

१०. <u>आवेदकको छनौटः</u> दफा ४ बमोजिम गठित मूल्याङ्कन समितिले मूल्याङ्कनका आधारहरु तयार पारी साझेदार संस्थाको छनौट गर्नेछ ।

११. <u>आवेदकलाई जानकारीः</u> छनौट भएको आवेदकलाई बोर्डले निर्णय भएको मितिले सात दिन भित्र जानकारी दिनेछ ।

१२. <u>सम्झौताः</u> (१) प्रस्ताव स्वीकृत भएका साझेदारले जानकारी प्राप्त गरेको मितिले पन्ध्र दिनभित्र अनुसूचि -७ बमोजिम प्रदेश दुग्ध विकास बोर्डले सम्झौता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम समय सीमा भित्र सम्झौता गर्न नआएमा क्रमश प्राथमिकतामा रहेका साझेदार संस्थासंग सम्झौता गर्न सकिनेछ ।

(३) सम्झौता पश्चात साझेदारले अग्रिम रुपमा बोर्डको विविध बैंक खातामा लागत साझेदारी बापतको रकम जम्मा गर्नेछ।

(४) रकम जम्मा भए पश्चात बोर्डले आवश्यक यन्त्र उपकरणहरुको specification तयार गरि सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ को अधिनमा रही खरिद प्रकृया अघि बढाउनेछ ।

(५) खरिद भएका उपकरणहरु सम्झौता अनुरुप साझेदार संस्थालाई बोर्डले वितरण गर्नेछ।

## परिच्छेद -५

## विविध

१३. **प्रगति प्रतिवेदनः** साझेदार संस्थाले चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन प्रदेश दुग्ध विकास बोर्डमा पठाउनु पर्नेछ ।

१४. ⊕**कारबाहीको व्यवस्थाः** साझेदारले यस कार्यविधिमा निर्धारित कुनै शर्त पालना नगरेको वा अनुदान दुरुपयोग गरेमा वा यन्त्र उपकरणहरुको दुरुपयोग गरेमा त्यस्ता साझेदारलाई प्रदेश सरकारबाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित असुल उपर गरिनेछ र २ वर्षसम्म प्रदेश सरकारवाट सञ्चालन हुने अनुदानको कार्यक्रममा समावेश गरिने छैन ।

१५. **संशोधनः** यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले संशोधन गर्न सक्नेछ।

१६. ⊕**प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएका बुदाँहरु प्रचलित कानूनसगँ बाझिएमा प्रचलित कानून बमोजिम नै हुनेछ।

---

⊕ प्रथम संशोधनद्वारा संशोधित

### अनुसूचि -१
### (दफा ८ संग सम्बन्धित)
### <u>साझेदारको लागि प्रस्ताव आव्हानको सूचना</u>
### प्रथम पटक प्रकाशित मितिः

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, बागमती प्रदेश, हेटौंडा अन्तर्गत प्रदेश दुग्ध विकास बोर्डको आ.व. ..... को स्वीकृत वार्षिक कार्यक्रम अनुसार **साझेदारीमा दुग्ध पदार्थ यान्त्रिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७** अनुसार दुग्धजन्य यन्त्र उपकरणहरु खरिद गर्न बागमती प्रदेशका दुग्ध उत्पादक सहकारी संस्थाले यो सूचना प्रकाशित भएको मितिले तीस दिनभित्र प्रदेश दुग्ध विकास बोर्डमा देहाय बमोजिमका कागजात सहित प्रस्ताव दर्ता गर्नुहुन आव्हान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

<u>पेश गर्नुपर्ने कागजातहरुको विवरणः</u>

१. रु. १०।– को हुलाक टिकट टाँस गरेको निवेदन,
२. आधिकारीक दर्ता प्रमाण पत्रको प्रतिलिपि,
३. संस्था नविकरणको प्रमाणको प्रतिलिपि,
४. साझेदारको PAN वा VAT प्रमाण पत्रको प्रतिलिपि,
५. साझेदार संस्थाको निर्णय प्रतिलिपि,
६. स्थानीय तहको सिफारिस पत्र,
७. साझेदारले अनुदान प्रक्रियाको लागि जिम्मेवारी दिई खटाउने पदाधिकारीलाई अख्तियारी पत्र,
८. अधिकार प्राप्त पदाधिकारीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।
९. केन्द्रिय दुग्ध उत्पादक सहकारी संघको १५ % लागत साझेदारी गर्ने सुनिश्चितताको पत्र।
१०. Vender machine र ५००० लिटर क्षमताको दुग्ध दुवानी ट्याङ्कीको लागि अनुसूचि -६ बमोजिमको प्रतिबद्धता पत्र।

## अनुसूचि - २

## अनुदानमा वितरण गरिने दुग्ध पदार्थ यन्त्र उपकरणहरु

### १. १५ % लागत साझेदारीमा वितरण गरिने दुग्धजन्य यन्त्र उपकरण

| सि.नं | दुग्धजन्य यन्त्र उपकरणहरुको नाम | क्षमता (hp) | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | पनिर भ्याट | | | |
| २ | चिलिङ्ग भ्याट (३००, ५००, १०००, २००० लि.) | | | |
| ३ | ब्याच पास्चुराइजर | | | |
| ४ | प्लेट पास्चुराइजर | | | |
| ५ | होमोजिनाईजर | | | |
| ६ | प्याकिङ्ग मेशिन | | | |
| ७ | क्रिम सेपरेटर | | | |
| ८ | एजिङ्ग भ्याट | | | |
| ९ | दही इन्क्यूवेटर | | | |
| १० | बटर चर्नर | | | |
| ११ | आइस्क्रिम मेशिन | | | |
| १२ | आइसक्रिम कन्टिन्यू फ्रिजर | | | |
| १३ | घ्यू बोइलर | | | |
| १४ | खुवा मेकिङ्ग मेशिन | | | |
| १५ | मिल्क एनलाईजर सेट | | | |
| १६ | पनिर प्रेस मेशिन | | | |
| १७ | मिल्क क्यान | | | |
| १८ | डि-फ्रिज | | | |
| १९ | रबर म्याट (१ गाई १ रबर म्याट/ १ भैंसी १ रबर म्याट) | | | बढिमा २ वटा गाई/भैंसी भएको कृषकलाई मात्र दिइनेछ । |
| २० | अन्य दुग्ध पदार्थमा प्रयोग हुने यन्त्र/उपकरणहरु | | | |

*नोटः अनुसूची-२ को (१) मा उल्लेखित दुग्धजन्य यन्त्र उपकरणहरु साना तथा घरेलु डेरी उद्योगको हकमा बढीमा ५० प्रतिशत सम्म अनुदान प्रदान गर्न सकिनेछ ।

### २. ५० % लागत साझेदारीमा वितरण गरिने दुग्धजन्य यन्त्र उपकरण

| सि.नं | दुग्धजन्य यन्त्र उपकरणहरुको नाम | |
|---|---|---|
| १. | मिल्क भेन्डिङ मेशिन | |
| २. | ५००० लि. क्षमताको दुग्ध ढुवानी टंकी | |

* प्रथम संशोधनद्वारा थप गरिएको

अनुसूचि -३

(दफा ९ संग सम्बन्धित)

<u>आवेदन -पत्र</u>

मितिः

श्रीमान् निर्देशकज्यू,
प्रदेश दुग्ध विकास बोर्ड,
........................ ।

विषयः दुग्धजन्य यन्त्र उपकरण अनुदानमा उपलब्ध गराई पाउँ ।

प्रस्तुत विषयमा यस प्रदेश दुग्ध विकास बोर्डले गर्न लागेको **साझेदारीमा दुग्ध पदार्थ यान्त्रिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि (प्रथम संशोधन), २०७७** अनुसार मिति ........ प्रकाशन गरिएको सूचनाको आधारमा उल्लेखित मध्येको आवश्यक परेको यन्त्र उपकरणहरु प्रारम्भिक छनौटको फारममा भरी सेटमा दुग्धजन्य यन्त्र उपकरणहरु अनुदानमा उपलब्ध गराई पाउनका लागि यो निवेदन पेश गरेको छु ।

१.
२.
३.

<u>आवेदक</u>

दस्तखतः
नामः
साझेदारको नामः
पदः
साझेदारको छापः

अनुसूचि -४

(दफा ९ संग सम्बन्धित)

प्रस्तावित कार्ययोजना

दुग्धजन्य यन्त्र उपकरण अनुदानमा लिन साझेदार संस्थाले प्रारम्भिक छनौटका लागि भर्ने फारम

१. दैनिक दूध उत्पादनः
२. दैनिक दूध संङ्कलनः
३. दैनिक दूध बिक्रीः
४. हाल मौजाद रहेको उपकरणः
५. आवश्यक पर्ने उपकरणः

| क.स | यन्त्र उपकरण | संख्या | क्षमता | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

आवेदक

नामः

ठेगानाः

मितिः

संस्थाको छापः

अनुसूचि -५

(दफा ९ संग सम्बन्धित)

<u>स्थानीय तहको सिफारिस पत्र</u>

प्रस्तुत विषयमा प्रदेश सरकार प्रदेश दुग्ध विकास बोर्डको मिति ………… मा प्रकाशित सूचना मुताविक महानगरपालिका/ उपमहानगरपालिका/ नगरपालिका/ गाउँपालिका ………..नं वडा …….. गाउँ/टोल स्थायी ठेगाना भएको श्री ………………ले लागत साझेदारीमा ……………….कार्यक्रम सञ्चालनको लागि सिफारिस पाउँ भनि यस कार्यालयमा निवेदन दिएकोमा संलग्न कागजातहरुको अध्ययन तथा आवश्यक जाँचबुझ गर्दा निजले पेश गरेका विवरणहरु सही रहेको र हालसम्म कुनै अनुदान नलिएकाले प्रस्ताव छनौट प्रकृयामा संलग्न गरिदिनु हुन सिफारिस गरिएको व्यहोरा अनुरोध छ ।

सिफारिस गर्नेः

नामः

दस्तखतः

मितिः

अनुसूचि -६

(दफा ९ संग सम्बन्धित)

<u>प्रतिबद्धता पत्र</u>

मितिः

विषयः लागत साझेदारी गर्ने प्रतिबद्धता सम्बन्धमा ।

प्रस्तुत विषयमा मिति .......... गते ................. राष्ट्रिय पत्रिकामा .................. सम्बन्धी कार्यक्रम सञ्चालन गर्न प्रस्ताव आव्हान गरिए अनुसार दुग्ध उत्पादक सहकारी संस्था/ निजी उद्यमीले तहाँ कार्यालयबाट प्राप्त गर्ने अनुदानमा नपुग रकम हाम्रो संस्थाकै श्रोतबाट व्यहोर्ने सञ्चालक समितिको निर्णय भएको हुँदा लागत साझेदारी गर्ने प्रतिबद्धता जाहेर गर्दछु/ गर्दछौं।

<u>आवेदक</u>

नामः

ठेगानाः

हस्ताक्षरः

संस्थाको छापः

## अनुसूचि -७
## (दफा १२ संग सम्बन्धित)
## सम्झौता-पत्र

यो सम्झौता मिति ..................... मा दिन .................... प्रदेश दुग्ध विकास बोर्ड (त्यसपछि प्रथम पक्ष भनिने) र ................. साझेदार संस्था (त्यसपछि दोश्रो पक्ष भनिने) बीच दुग्ध जन्य उपकरणहरु अनुदानमा वितरण कार्य सम्पन्न गर्नका लागि **साझेदारीमा दुग्ध पदार्थ यान्त्रिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि (प्रथम संशोधन)**, २०७७ बमोजिम मूल्याङ्कन समितिबाट छनौट भएका साझेदार संस्थाहरुलाई तपसिलका शर्तहरुको अधिनमा रही यो सम्झौता गरिएको छ ।

**शर्तहरुः**

१. मूल्याङ्कन समितिको निर्णय अनुसारका दुग्ध जन्य यन्त्र उपकरणको ब्राण्ड/मोडेल/क्षमता र अनुदान रकम सम्बन्धि निर्णय यो सम्झौताको अभिन्न अंग हुने छ ।

२. साझेदारले निम्न बुँदाहरु अनुसारका शर्तहरु पुर्ण रुपले पालना गर्नुपर्ने छ ।
   (क) साझेदार कृषि पेशा, व्यवसायमा संलग्न भएको हुनु पर्ने छ ।
   (ख) अनुदानमा उपलब्ध गरिएको दुग्ध जन्य यन्त्र उपकरण प्रयोग नगरी अन्य गैर कार्यमा प्रयोग गर्न पाइने छैन ।

३. सम्झौतामा उल्लेख भएको कुराहरु सम्झौता बमोजिममा र अन्य कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

४. कुनै कुराहरु स्पष्ट नभएमा वा कुनै कुरामा विवाद भएमा दुवै पक्षको आपसी छलफलबाट निर्णय गरिनेछ र केही गरी टुङ्गो नलागेमा प्रचलित ऐन नियम अनुसार प्रथम पक्षबाट भएको निर्णय अन्तिम हुनेछ ।

५. यस कार्यको सम्झौता आजका मिति देखि प्रारम्भ हुनेछ ।

६. दोश्रो पक्षले नियमित रुपमा (कम्तीमा चौमासिक अवधिमा) कार्यक्रमको प्रगति, उपलब्धी सम्बन्धी विवरणहरु सम्बन्धीत प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

| **साझेदारको तर्फबाट** | **बोर्डको तर्फबाट** |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नाम/थरः | नाम/थरः |
| पदः | पदः |
| मितिः | मितिः |

| **रोहवर** | **रोहवर** |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |
| संस्थाको नामः | संस्थाको नामः |
| संस्थाको छापः | संस्थाको छापः |